# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बीनी प्रदेश, नेपाल


## सुनिलस्मृति गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समितिको अत्यन्त जरुरी सूचना

## भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ६ गते मङ्गलबार, साझँ ६ : ०० बजे जारी विशेष मौसमी बुलेटिनअनुसार असोज ९ गते शुक्रवारदेखी ११ गते आइतबारसम्म लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारी देखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ ।

उक्त अवधिमा वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्ने, आकस्मिक बाढी तथा पहिरो आउन सक्ने र सडक यातायातसमेत प्रभावित हुन सक्ने जोखिम रहेको छ । तसर्थ, जोखिमयुक्त क्षेत्रका बासिन्दा तथा आमनागरिकलाई देहायबमोजिम उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ ।

- नदी तथा खोला किनार, पहिरोको जोखिम भएका भूभाग, भिरालो जमिन तथा डुबान हुन सक्ने क्षेत्रमा विशेष सावधानी अपनाउने ।
- जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने ।
- अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रातिको समयमा यात्रा नगर्ने । यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने ।
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने ।
- पशुचौपाया, खाद्यान्न, औषधि, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामाग्री सुरक्षित स्थानमा राख्ने ।
- सो अवधिभर धानबाली नकाट्ने, काटिएको भए धानबालि भित्र्याइहाल्ने ।
- नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारीक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने ।
- वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्क गर्ने । साथै, विपद्मा मद्दत माग्न १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर १११४ गाउँपालिका अध्यक्ष ९८५७८२४०६६, उपाध्यक्ष ९८६७४२८३४१, प्रमुख प्रशासकीय अधिकृत ९८५७८२४७७५, स्थानीय विपद् सम्पर्क व्यक्ति ९८५७८२२६८९ र नगर प्रहरी इन्चार्ज ९८५७०६३७५५ मा सम्पर्क गर्ने ।

०७ असोज २०८३

ने.सं. ११४६ ञंलाथ्व, द्वादशी

मणिराम बुढाथोकी
अध्यक्ष

(मणिराम बुढाथोकी)

संयोजक एवं

सम्पूर्ण स्थानीय विपद् व्यवस्थापन समिति, परिवार

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प"*

फोन:०८६-४०११५२, ४०११७० इमेल:ssrm@sunilsmritimun.gov.np वेबसाइट:sunilsmritimun.gov.np